# झिकमरुक गाउँपालिका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५

कार्यपालिकाबाट पारित मिति २०७५।११।२३ गते

प्रमाणिकरण मिति २०७५।११।२३ गते

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मच्छी,प्यूठान

५ नं प्रदेश नेपा

# झिकमरुक गाउँपालिका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५

**१. परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भभाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न झिमरुक गाउँपालिका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७5 जारी गरिएको छ।

**२. परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

**३. उद्देश्य :**

**क.** झिमरुक गाउँपालिकाभित्र रहेका ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

**ख.** नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

**ग.** प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

**४. लक्षित वर्ग :**

१. ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

५. **ज्येष्ठ नागरिकको वर्गीकरण :**

१. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक,

ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्येष्ठ नागरिक,

घ) अशक्त ज्येष्ठ नागरिक,

ङ) एकल ज्येष्ठ नागरिक।

६. **परिचय-पत्र वितरणका मापदण्ड :**

**१.** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिने छ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा**ः

१. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुने छ। ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुने छ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

१) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्वन्धित वडा कार्यालय मार्फत झिमरुक गाउँपालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्ने छ।

२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्ने छ। यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिने छ।

३) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी हुनेछ।

४) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको ढाँचामा सफ्टवेयर प्रयोगमा नआउदासम्म अनुसूची २ को ढाँचामा राख्नु पर्ने छ।

५) उपदफा ४ वमोजिम वाहेक सफ्टवयर वनीसकेपछि अनुसूची ३ को ढाँचामा सफ्टवरयरमा लगत राख्नु पर्ने छ।

६) उपदफा ४ र ५ वमोजिम लगत राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्ने छ।

७) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडा कार्यालयको सिफारिस सहित झिमरुक गाउँपालिकाको कार्यालयमा निवेदन पेस गर्नुपर्ने छ।

**९. विविध :**

१) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित झिमरुक गाउँपालिकाले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने छ।

## अनुसूची १

## निर्देशिकाको दफा ७ को उपदफा (१) सँग सम्बन्धित

## ज्येष्ठ नागरिक परिचय-पत्र

| |
|---|
| अटो साइजको<br>फोटो |

प.प. नं :-

नाम थरः ..........................................

ना.प्र.प.न.ः .........

ठेगानाः जिल्ला .......................गा.पा.ः ..........................

वडा नं.ः ........... टोल/गाउँ .........

उमेरः .......... लिङ्गः ..........

उपलब्ध छुट तथा सुविधाहरु : ..................................

पति/पत्नीको नाम : ........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ........................................................

संरक्षकको नाम, थर, सर्म्पक ठेगाना, मोवाइल नं. : ................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम

..............................................................................................................

प्रमाणित गर्ने अधिकारीको :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

अनुसूची-२

**निर्देशिकाको दफा ८ को उपदफा (४) सँग सम्बन्धित**

**जेष्ठ नागरिकको लगत किताव**

| सि.नं. | दर्ता मिति | परिचय पत्र नं. | जेष्ठ नागरिकको नाम, थर | स्थायी ठेगाना | ना.प्र.प.नं. | उमेर/जन्म मिति | लिङ्ग | पति/पत्निको नाम थर | संरक्षक | दस्तखत | फोटा | प्रमाणित गर्ने अधिकृत वा अधिकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |

अनुसूची-२

**( निर्देशिकाको दफा ८ को उपदफा (४) सँग सम्बन्धित )**

ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

ज्येष्ठ नागरिकको ब्यक्तिगत विवरण

क) ज्येष्ठ नागरिकको नाम, थर :

ख) बाबु तथा आमाको नाम :

ग) बाजे तथा बज्यैको नाम :

घ) जन्म मिति र स्थान :

ङ) ठेगाना :

अ) स्थायी ठेगाना : जिल्ला.......... झिमरुक गा.पा. ...........वडा नं. ........टोल/गाउँ........ फोन................... इमेलः ........................

आ) अस्थायी ठेगाना : .............

च) लिङ्ग:

छ) स्वास्थ्य सम्बन्धी विवरण ( कुनै बिशेष रोग,शारीरिक अपाङ्गता वा कुनै दिर्घ रोग भए खुलाउने )

ज) नागरिकता:

१. ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरण :

क)सगोलको छोरा, बुहारी , छोरी, नाति, नातिनीको,-

अ) नाम, थर र ठेगाना :

आ) सम्पति तथा आयस्ता सम्बन्धी विवरण :

ख)छुट्टीई भिन्न बसेको छोरा, बुहारी, छोरी नाति, नातिनीको,-

अ) नाम, थर र ठेगाना :

आ) सम्पति तथा आयस्ता सम्बन्धी विवरण :

ग ) हकवाला सम्बन्धी विवरण :

| क्र.स. | नाम,थर | उमेर | नाता | व्यवसाय | ठेगाना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

घ ) अन्य पारिवारिक पृष्ठभूमि:

३.ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता:

क)शैक्षिक योग्यता:

ख) पेशागत दक्षता:

ग) अनुभवको क्षेत्र:

४. ज्येष्ठ नागरिकको सम्पति विवरण :

क) चल सम्पति:

ख) अचल सम्पति:

प्रमाणित गर्नेको,-

नाम, थर :

पद :

निकाय:

झिमरुक गाउँपालिकाको बैठकवाट मिति २०७५/११/२३ गते पारित यो निर्देशिका झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि ) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(कमल प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७५/११/२३